का.जि.प्र.का.द.नं. १००/०५९/६०
❑ वर्ष १८, अंक १३२
❑ २५ असार २०७७, बिहीबार
❑ 9 July 2020, Thursday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

| अपडेट: बुधबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १६४२३ जना | ७७५२ जना | २६६४५७ | ८६३६ | ३५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड २० लाख १० हजार | ६९ लाख ५१ हजार | ५ लाख ४८ हजार | ४५ लाख १० हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# संक्रमित सरकार त्रसित सर्वसाधरण

**सत्तारूढ नेकपाभित्र देखिएको आन्तरिक कलह व्यवस्थापनमा शीर्ष नेताहरू जुटिरहँदा कोरोना महामारी संक्रमणको त्रास भने झनै बढेर गएको छ । राजधानी उपत्यकामा पुष्टि भएका संक्रमितको समेत ट्राभल हिस्ट्री नभेटिनुले सर्वसाधरण मनोवैज्ञानिक त्रासमा देखिएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार ।

बुधबार राजधानी उपत्यकामा २३ जनामा संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलका अनुसार, काठमाडौं १६ रर ललितपुरमा सात जनामा संक्रमण देखिएको छ। यो सँगै उपत्यकामा संक्रमित संख्या २९० पुगेको छ ।

मन्त्रालयका अनुसार, १७ हजार विदेशबाट आएका छन् । त्यस मध्ये ३५ प्रतिशतको मात्रै पीसीआर परीक्षण गरिएको छ । संक्रमित मध्ये तीन प्रतिशतको ट्राभल हिस्ट्री फेला पर्न सकेको छैन। अर्थात्, यसले पक्कै चिन्तित बनाएको छ । राजधानी उपत्यका सहित देशभर बुधबार २५५ जनामा संक्रमण पुष्टि भएको छ ।

बुधबार आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा देशभरिका २५ वटा प्रयोगशालामा चार हजार ६९६ जनाको नमूना परीक्षण गर्दा उक्त संखयामा कोरोना संक्रमण पुष्टि भएको जानकारी दिए । यो सँगै संक्रमितको संख्या १६ हजार ४२३ पुगेको छ ।

प्रवक्ता डा गौतमका अनुसार अहिलेसम्म दुई लाख ६६ हजार ४५७ जनाको नमूना परीक्षण भइसकेको छ । हाल क्वारेन्टिनमा २५ हजार ४० जना र आइसोलेशनमा आठ हजार ६३६ जना रहेका छन् । कोभिड-१९ बाट संक्रमित मुक्त भई गत २४ घण्टामा डिस्चार्ज हुनेको संख्या २५३ छ। हालसम्म डिस्चार्ज हुनेको संख्या सात हजार ७५२ रहेको छ। जम्मा संक्रमितमध्ये ४७ दशमलव दुई प्रतिशत निको भएको उनले बताए ।


कोभिड महामारीका कारण सुनसान बनेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक बृद्ध । तस्वीर: यूएसए टुडे

सरकारले भने सार्क देश मध्ये कोरोना परीक्षण दर प्रति दश लाख जनसंख्यामा नेपाल अफगानिस्तान, पाकिस्तान, भारत, श्रीलंका र बंगलादेशभन्दा अगाडि रहेको दावी गर्दै आएको छ ।

सरकारी दावी अनुसार, एक ठाउँबाट शुरु भएको पीसीआर परीक्षण अहिले देशभर २५ वटा प्रयोगशालाबाट गरिन्छ।

प्रवक्ता डा गौतमका अनुसार सार्क मुलुक मध्ये नेपालमा प्रति दश लाखमा एक जनाको मात्र मृत्यु भएको छ। बुधबारसम्म संक्रमणबाट ३५ जनाको मृत्यु भएको छ। कोभिड-१९ का कारण प्रति दश लाखमा अफगानिस्तानमा २४, बंगलादेशमा १३, श्रीलंकामा ०.५, पाकिस्तानमा २२ र भारतमा १५ जनाको मृत्यु भएको छ ।

तथ्यमा तुलनात्मक राम्रो गरेको यस्तो दावी सँगै राजधानी उपत्यका सहित देशभर संक्रमित भेटिन छोडेको छैन ।

विशेषगरी राजधानी उपत्यकामा भेटिएका संक्रमितका कारण सर्वसाधरण त्रसित छन् । किनभने, राजधानी उपत्यका बढी जनसंख्या भएको शहर हो । तर, सरकार भने नेकपाभित्रको आन्तरिक कलहमा फसेको छ । गएको असार १० गतेदेखि सरकारको ध्यान नेकपा विभाजन रोक्नेतिर देखिएको छ । महामारी व्यवस्थापन गर्न बनेको उच्च स्तरीय समिति पूर्णत: निष्कृय छ भने सीसीएमसीको बैठक नबसेको एक हप्ता पुग्न लागेको छ ।

# सरेको सऱ्यै

**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको विवाद हल हुन नसक्दा लगातार स्थायी कमिटी बैठक स्थगित हुँदै आएको छ । तीन पटक सूचना पठाएर स्थगित भइसकेको बैठक बुधबार पनि स्थगित गरिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार ।



गृहकार्य नपुगेको भन्दै सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटीको बैठक लगातार स्थगित हुँदै आएको छ । असार १६ गतेबाट प्रभावित बनेको बैठक असार १८, २०, २२ र २४ गते लगातार स्थगित भएको छ । बुधबार बिहान एघार बजे बोलाइएको बैठक फेरि असार २६ गते बिहान ११ बजेका स्थगित गरिएको नेकपाका प्रचार तथा प्रकाशन विभाग उपप्रमुख सूर्य थापाले जानकारी दिए ।

आन्तरिक विवाद मिलाउन शीर्ष नेताहरुको छलफल चलिरहेकाले बैठक पुन: सरेको थापाले बताए । पार्टी र सरकारको समन्वयका विषयमा अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच पछिल्ला दिनमा दैनिकजसो छलफल भइरहेको छ। तर, सहमति जुट्न नसक्दा बैठक लगातार स्थगित हुँदै आएको छ।

गएको असार १० गते देखि शुरु भएको बैठक तीन दिन बसेको थियो । तर, असार १३ गते दुई दिनका लागि स्थगित बैठक असार १६ गते बसेको थियो । त्यस दिन प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट राजीनामा मागिए पछि प्रधानमन्त्री ओलीले बैठक लगातार स्थगित गर्दै आएका छन् ।

असार १७ गते प्रतिनिधिसभा बैठक केहीबेर बसेर स्थगित भयो । नेपाली काँग्रेसका एक सांसदको निधन भएकाले शोक प्रस्ताव पारित गराउन भन्दै बैठक स्थगित गरिएको थियो । त्यसपछाडि भने प्रधानमन्त्री ओलीले असार १८ गते आकस्मिक मन्त्रिपरिषद बैठक बोलाएर संसद अधिवेशन नै अन्त्य गरिदिए । असार २० गते प्रधानमन्त्री ओलीले मन्त्रीहरुलाई बोलाएर कित्ता प्रष्ट पार्ने बेला आएको बताएका थिए । यसले पार्टी विभाजनकै नजिक पुगेको थियो। तर, दोस्रो तहका नेताहरुको दबावले छलफल भने बाक्लिएको छ । तर, सहमति जुट्न सकेको छैन। दिनहुँजसो दुई अध्यक्षबारे भने छलफल हुँदै आएको छ ।

पार्टी एकता जोगाउन दोस्रो तहका नेता र अन्य कार्यकर्ताले दवाव पनि दिँदै आएका छन् । पैंतालीस सदस्यीय स्थायी कमिटीको बैठक यही असार १० गतेदेखि शुरु भएको थियो ।

# सुनसान पशुपति

**काठमाडौं/रासस-** चान्द्रमासअनुसार असार २२ गते सोमबारदेखि श्रावण कृष्णपक्ष शुरु भएको छ । प्रत्येक वर्ष साउन महिनामा पशुपति क्षेत्रमा लाखौं भक्तजनको भीड लाग्ने गर्छ ।



यस वर्ष चान्द्रमासअनुसार साउन महिनाको तेस्रो दिन बित्दासमेत पशुपति क्षेत्र सुनसान छ । पशुपति क्षेत्रमा शिवका भजन, आराधनाका स्तोत्र घन्किएका छैनन् ।

कोरोना भाइरसको सङ्क्रमणका कारण चैत ११ गतेदेखि जारी गरिएको बन्दाबन्दीले पशुपति मूल मन्दिरभित्र भक्तजनलाई प्रवेश निषेध गरिएको छ । असार १ गतेदेखि बन्दाबन्दीलाई खुकुलो बनाइए पनि देशभरका प्रमुख मठमन्दिर, शैक्षिक संस्था र सार्वजनिक यातायात अझै बन्द छन् ।

अहिलेकै स्वरूपको बन्दाबन्दी पनि सरकारले साउन ७ गतेसम्म जारी रहने घोषणा गरेको छ। अन्य सबै क्षेत्रमा बन्दाबन्दी खुल्नेबित्तिकै पनि पशुपतिमा भक्तजनलाई स्वास्थ्य सुरक्षाका कारण प्रवेश गराउन नसकिने पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडा बताउँछन् । "असार १ गतेदेखि पशुपतिको मूल मन्दिरभित्र दर्शनार्थीलाई प्रवेश गर्न नदिइए पनि मुख्य मन्दिर बाहिरका भुवनेश्वरी, आर्यघाट, आर्यघाटपारिको क्षेत्रलगायत स्थानमा भक्तजन आउन दिइएको छ, भक्तजनले बाहिरबाटै दर्शन गर्न सक्छन्, अन्य क्षेत्र खुलेको चार/पाँच दिनपछि कम्तीमा दुई मिटरको दूरी कायम गरेर मूल मन्दिरभित्र भक्तजनलाई प्रवेश गराउने गरी कार्यविधि बनाएका छौँ", उनी बताउँछन् ।

मठमन्दिर, चैत्य, गुम्बा, बिहार, मस्जिद, चर्चजस्ता धार्मिकस्थलमा हुने भीडभाडबाट छिटो रोगको सङ्क्रमण फैलने भएकाले सचेतता अपनाइएको कोषले जनाएको छ । मन्दिर खुलिहाले पनि विशेष पूजा भने गराइने छैन ।

साउन भगवान् शिवकै महिना भएकाले पशुपतिनाथ मन्दिरमा विशेष पूजा गराउने भक्तजनको भीड लाग्ने गरेको छ। साउनमा विशेष बाँकी पृष्ठ २ मा

# नवीकरणका लागि यो वर्ष ग्रेस दिइने छ : श्रममन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर यादवले मलेसियाको रोजगारी १६ महिना स्थगन भएको र कोरोनाका कारण लागू भएको लकडाउनको मारमा परेका वैदेशिक रोजगार व्यवसायीहरुलाई राहत दिन आफु प्रतिवद्ध रहेको बताएका छन् ।

म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अनुसार बाधा अड्काउ फुकाउन मन्त्रिपरिषद्मा प्रस्ताव लगेका मन्त्री यादवले मध्यान्ह राष्ट्रिय दैनिकसँग संक्षिप्त कुरा गर्दै मलेसियाको रोजगारी १६ महिना स्थगन भएको र कोरोनाका कारण लागू भएको लकडाउनको मारमा परेका वैदेशिक रोजगार व्यवसायीहरुलाई राहत दिन एक वर्ष ग्रेस पिरियड दिनुपर्छ भन्ने मान्यताका आधारमा मन्त्रिपरिषद्मा बाधा अड्काउ फुकाउ प्रस्ताव लगेको बताए ।

अधिकांश वैदेशिक रोजगार व्यवसायीहरुका लागि बहुप्रतिक्षित मानिएको उक्त प्रस्तावले



मन्त्रिपरिषद्को मंगलबारको वैठकमा प्रवेश पाएको भएपनि प्रधानमन्त्री केपी शर्मा ओलीले अर्को बैठकमा छलफल गर्ने भन्दै रोकेको सार्वजनिक भएको थियो ।

मन्त्री यादवले कुराकानीका क्रममा सधैंका लागि भन्दा पनि अघिल्लो आर्थिक वर्ष मलेसियाको रोजगारी १६ महिना बन्द भएको र यस वर्ष कोरोना भाइरसका कारण गरिएको लकडाउनले श्रम स्वीकृति बन्द गरिएकाले व्यवसायीहरुको ईजाजतपत्र नवीकरण हुन न्यायोचित रहेको र आफु त्यसको पक्षमा रहेको बताए ।

मन्त्री यादवले नेपाल जस्तो ३ करोड मात्र जनसंख्या रहेको सानो मुलुकमा म्यानपावर कम्पनीहरुको संख्या धेरै रहेको भन्दै उनीहरुलाई फिल्टर गरेर व्यवस्थापन गर्ने निवर्तमान मन्त्री गोकर्णराज विष्टको योजनामा भने आफु पनि सहमत रहेको तर एक पटकलाई राहत दिनु उचित नै हुने बताए । मन्त्री यादवले नवीरकणपछि व्यवसायीहरु एक आपसमा गाभिने प्रकृया मर्जरमा जानु उपयुक्त हुने सुझाव दिए ।

कोरोना भाइरस संक्रमणपछि गत चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले लकडानउका कारण प्रभावित सबै पक्षलाई कर छुट बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## कोरिया जान दिन माग गर्दै सडकमा

**काठमाडौं–मस–** वैदेशिक रोजगारीमा जान चाहने कामदारलाई सरकारका तर्फबाट दिइने श्रम स्वीकृति नपाएपछि रोजगार आकांक्षी युवाहरुको आक्रोस सडकमा पोखिन थालेको छ । रोजगारीका लागि दक्षिण कोरीया जाने सबै प्रकृया पूरा गरिसकेका युवाहरु तत्काल आफुहरुको उडानको प्रवन्ध गर्न माग गर्दै बुधबार सडकमै उत्रिएका छन् भने खाडी तथा मलेसिया जान चाहने युवाहरु पनि श्रम स्वीकृति नखुल्दा उकुश मुकुश र छट्पटीको अवस्थामा पुगेको बताएका छन् ।

दक्षिण कोरीया जान नपाएका युवाहरुले आगामी २ हप्ताभित्र सरकारले कोरिया पठाउने पहल नगरे रोजगार भिसा पाएका ३ हजारभन्दा बढी नेपाली युवाहरुले आकर्षक रोजगारी गुमाउनुपर्ने अवस्था रहको छ ।

बुधबार माइतीघर मण्डलामा प्रदर्शनमा उत्रिएका उनीहरुले 'कि रोजगारी दे, कि कोरिया जान दे', 'सरकार सक्छौ भने बाँकी पृष्ठ २ मा

## साउदीले दियो बहिर्गमन भिसा

**काठमाडौं/मस–** साउदी अरबले कोरोना संक्रमणका कारण समस्यामा परेका र स्वदेश फर्कनै पर्ने अवस्थामा रहेका नेपालीलाई बहिर्गमन भिसा दिन शुरु गरेको छ । साउदीस्थित नेपाली दूतावासको पहलमा साउदी अरबले बहिर्गमन भिसा दिन थालेको हो। यसबाट विभिन्न कारणले बहिर्गमन भिसा नपाएका र दूतावासमा आफ्नो विवरण टिपाएका नेपालीलाई लाभ पुग्ने देखिएको छ ।

साउदीमा कम्पनीमा काम गर्दा साउदी आवासीय अनुमति पत्र (अकमा) नबनाउन नपाएका र अकामा बनाएकाहरुको पनि नवीकरण नहुँदा बहिर्गमन भिसा नपाएका तर स्वदेश फर्कनै पर्ने बाध्यतामा रहेका नेपालीहरुलाई स्वदेश फिर्तीका लागि दूतावासले साउदी सरकारसँग पटक-पटक अनुरोध गर्दै आएको थियो । बहिर्गमन भिसा लिन बाँकी रहेका, अकमा नभएका, बाँकी पृष्ठ २ मा

## एकाउन्टेण्ट चाहियो

एक प्रतिष्ठित कम्पनीको लागि स्नातक तह उत्तीर्ण, कम्तीमा ३ वर्षको अनुभव भएको Word र Excel चलाउन जान्ने लेखा परीक्षण सम्बन्धी आधारभूत ज्ञान भएको एकाउण्टेण्ट चाहियो ।

सम्पर्क : बागबजार, फोन : ९८५११५११०३

## सरकारलाई समितिको निर्देशन
# ‘ट्याक्सी सञ्चालन गर्न दिनु’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार



आवश्यक मापदण्ड पूरा गरी ट्याक्सी सञ्चालन गर्न दिन संसदीय समितिले सरकारलाई निर्देशन दिएको छ। विश्व स्वास्थ्य संगठन तथा सरकारले आफैंले तयार पारेको मापदण्ड अनुसार विभिन्न पेशा व्यवसाय सञ्चालन भएको अवस्थामा आवश्यक मापदण्ड पूरा गरी ट्याक्सी सेवा सञ्चालन गर्न दिन समितिले सरकारलाई निर्देशन दिएको हो।

बुधबार सार्वजनिक यातायातसँग सम्बद्ध सरोकारवालाहरुको छलफलपछि विकास तथा प्रविधि समितिले भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिएको समिति सभापति कल्याणी कुमारी खड्काले बताइन्। देशको अर्थतन्त्रलाई चलायमन बनाउन पनि सेवा सञ्चालन गर्नुपर्ने उनको भनाइ थियो। ट्याक्सी संचालन गर्दा स्वास्थ सुरक्षाका लागि निश्चित मापदण्ड बनाएर कार्यान्वयन गर्न पनि समितिले निर्देशन दिएको छ।

उनले भनिन्, ‘विश्व स्वास्थ्य संगठन, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कोभिड–१९ काइसिस म्यानेजमेन्ट सेन्टरले तयार गरेको मापदण्ड अनुसार लकडाउनको अवधिमा पनि केही पेशा व्यावसाय सञ्चालन गरेकाले सोही मापदण्ड पूरा गरी अर्थतन्त्रलाई चलायमान बनाउन, सर्वसाधारणलाई आवतजावत थप सहजता प्रदान गर्न सार्वजनिक यातायात सम्बद्ध ट्याक्सी यातायात सञ्चालनको व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिइन्छ।’

बैठकमा यातायात क्षेत्रका मजदुरहरुले लकडाउन भएको १ सय ७ दिन बितिसक्दा पनि मजदुरहरुका समस्या सरकारले नसुनेको गुनासो गरेका थिए। संकटको समयमा यातायात मजदुरहरुका लागि सरकारले समेत कुनै राहतका कार्यक्रममा नल्याउँदा दर्दनाक अवस्थामा रहेको उनीहरुको भनाइ छ।

नेपाल यातायात मजदुर संघ अध्यक्ष धर्म भण्डारीले कुनै पनि यातायात श्रमिकलाई कोरोना पोजेटिभ देखिएमा आइसोलेसनमा बस्ने समयअवधिसम्म उसको घर खर्चको व्यवस्थानका गर्नुपर्ने बताए। बैठकमा स्वास्थ्य सचेतता अपनाएर सार्वजनिक यातायात सञ्चालन गर्नुपर्नेतिर सरकार अग्रसर हुनुपर्ने सांसद र यातायात व्यवसायीले बताएका थिए।

लकडाउनका कारण चैत ११ गतेबाट सार्वजनिक यातायातहरु बन्द रहेका छन्। समितिमा भएको छलफलमा सार्वजनिक यातायातसँग सम्बद्ध सरोकारवालाहरुले लकडाउनका कारण मजदुरहरुको दैनिकी कष्टकर बनेको, गुजारा चलाउन नसकेपछि आत्महत्या गर्ने अवस्था समेत सिर्जना भएको गुनासो गरेका थिए। अहिलेको अवस्थामा बैंकहरुको ऋण तिर्न समेत समस्या भएकोल तर्फ सरकारले ध्यान दिनुपर्ने सरोकारवालाहरुले बताएका छन्। सार्वजनिक यातायात सञ्चालनका लागि मन्त्रालय, सीसीएमसी लगायतका सरोकारवालासँग बिहीबार छलफल गर्ने तयारी समितिले गरेको छ।

# श्रमिकको सामाजिक सुरक्षा महत्वपूर्ण : प्रम ओली



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले कोभिड-१९ को प्रभाव कम गर्न असुरक्षित वर्गका साथै आप्रवासी कामदार र अनौपचारिक क्षेत्रका मजदुरको सुरक्षा महत्वपूर्ण भएको बताएका छन्। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)द्वारा बुधबार आयोजित ‘कोभिड-१९ र श्रमको संसार : उन्नत श्रमको निर्माण’ विश्व सम्मेलनलाई अप्रत्यक्षरुपमा सम्बोधन गर्दै उनले पर्याप्त सामाजिक सुरक्षा र स्वास्थ्य सेवाको प्रावधान पनि उनीहरुको सुरक्षाका निम्ति उत्तिकै महत्वपूर्ण हुने बताएका हुन्।

प्रधानमन्त्री ओलीले विश्वव्यापी रुपमा लगानी र व्यापारमा भएको गिरावट तथा यात्रा उद्योगमा उत्पन्न व्यवधानले विश्व अर्थतन्त्रलाई ठूलो आघात पुगेको बताउँदै त्यसबाट दशौं लाख श्रमिक र उद्योग प्रभावित भएको यथार्थ प्रस्तुत गरे। ‘कोभिड-१९ को प्रभाव कम आय भएका र अल्पविकसित राष्ट्रमा अधिक परेको छ,’ उनले भने।

प्रधानमन्त्री ओलीले मानव केन्द्रित सम्मानजनक श्रमप्रति ऐक्यबद्धता जाहेर गर्दै राष्ट्रसङ्घ र आईएलओजस्ता त्यसका विशिष्टिकृत निकायहरुले विश्वव्यापी महामारीलाई मुख्य मुद्दा मानेर विश्वव्यापी रुपमा नै सुदृढ प्रतिकार्य अघि बढाउन अपरिहार्य भएको बताए।

रोजगारी र आम्दानीको सुरक्षाबिना नै महामारीकाबीच निराश भएर श्रमिकहरु घर फर्किएका बताउँदै उनले विश्व स्वास्थ्य सङ्गठनका मान्यताको पालना गरेको भए त्यस्तो परिस्थिति उत्पन्न हुँदैनथ्यो भने। ‘सङ्कटको घडीमा नै मानवताको परीक्षण हुन्छ, अति कठिन क्षणमा हाम्रो विवेकले नै न्याय र निष्पक्षतालाई मार्ग निर्देश गर्छ,’ उनले भने।

प्रधानमन्त्रीले ओलीले अन्तर्राष्ट्रिय ऐक्यबद्धताले रोजगारीको क्षयलाई बचाउने, आप्रवासी कामदारको फिर्ती र दिगो विकासका लक्ष्य हासिलका दिशामा भएका प्रगतिलाई पछाडि धकेलिदिँदा गरिबी बढ्ने बताए।

उनले कोभिड-१९ को महामारीको प्रभावको रोकथाम तथा औपचारिक एवं अनौपचारिक क्षेत्रका श्रमिकहरुको सुरक्षाका निम्ति नेपाल सरकारले अपनाएका तत्कालिन र मध्यकालीन उपायका साथै दिगो रोजगारीका अवसर सृजनाबारे पनि जानकारी दिए।

## चार वटा प्रदेशमा वर्षा
# आगामी चार दिनमा यो वर्षकै बढी पानी पर्ने

काठमाडौं/रासस- मुलुकका विभिन्न चार वटा प्रदेशमा आगामी चार दिन यस वर्षको (मनसुन सक्रिय भएपछिको) अहिलेसम्म कै बढी पानी पर्ने अनुमानका साथ आवश्यक पूर्वतयारी थालिएको छ। असार २५ (आज) देखि २८ सम्म प्रदेश नं १, २, बागमती र गण्डकी प्रदेशमा मनसुन शुरु भएपछिको अहिलेसम्म कै बढी वर्षा हुने अनुमान गरिएको जल तथा मौसम विज्ञान विभागका प्रवक्ता वरिष्ठ मौसमविद् डा अर्चना श्रेष्ठले जानकारी दिइन्।

‘मनसुन शुरु भएदेखि नै पानी परिरहेको छ, पानीको सतह माथि आइसकेको र जमिन गलिसकेको छ, जुलाई र अगस्टमा मौसम थप सक्रिय हुन्छ, अबको चार दिन अलि बढी पानी पर्नसक्छ,’ श्रेष्ठले भनिन्। उनका अनुसार अहिलेसम्म औसतभन्दा धेरै पानी परिसकेको छ।

त्यसैले सम्भावित पानी पर्ने प्रदेशको तराई तथा चुरे क्षेत्रबाट बग्ने नदी, खोला तथा खहरेमा बाढी बढ्ने र समतल भूभागमा डुबानको सम्भावना हुने भएकाले विशेष सावधानी अपनाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अनुरोध गरेको छ।

सरकारले यसवर्ष असारमा आधारित विपद्को सूचना प्राणाली व्यवस्थापन गरिएको छ। त्यसैले पानीपर्ने सम्भावना छ मात्रै नभनी कुनकुन क्षेत्रमा पानी पर्नेछ, कस्तो असर गर्न सक्छ, त्यसबाट कसरी सावधानी अपनाउने भनेर सार्वजनिक सूचना दिन थालिएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए।

मुलुकमा गएको वैशाखदेखि अहिलेसम्म पर्याप्त पानी परिसकेको छ। प्रि-मनसुनमा नै भारी वर्षा भएकाले जमिन गलिसकेको सन्दर्भमा ठाउँठाउँमा बाढी पहिरोले मानवीय क्षति पुऱ्याइसकेको छ। मनसुनको शुरुआतमा नै पहिरोले धेरै मानिसको ज्यान लिइसकेको छ भने घरबारविहीन बनाएको छ। पर्वत र बझाङको ठूलो पहिरोमा मात्रै १५ जनाको ज्यान गएको छ।

## समाजसेवी युवा गुभाजुको
## जन्मदिनमा प्रहरीलाई स्वास्थ सामग्री



**राजन बस्नेत/मध्यान्ह**
दोलखा, २४ असार

कोरोनाबाट आक्रान्त बनेको दोलखा जिल्लाका नागरिकको सेवाको लागि आफ्नो जन्मदिनको अवसर पारेर जिरी नगरपालिका १ श्यामाका जुझारु युवा लक्ष्मण गुभाजुले कोराना नियान्त्रणका लागि जिल्ला प्रहरी कार्यालय दोलखालाई स्वास्थ सामग्री हस्तान्तरण गरेका छन्। परोपकार नै धर्म हो भन्ने उक्तिलाई सार्थक तुल्याउँदै युवा समाजसेवी गुभाजुले विपन्न नागरिकको स्वास्थ्य सेवाको लागि आफ्नो जन्मदिनको दिन उक्त अभियान संचालन गरेका हुन्।

दोलखाको सदरमुकाम चरिकोट सातदोबाटे चौकी नजिकै आयोजित गुभाजु जन्मोत्सव कार्यक्रममा दोलखाका प्रहरी प्रमुख प्रहरी नायव उपरिक्षक रेवती रमण पोखरेललाई गुभाजुले स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन्। गुभाजु जन्मोत्सव समारोहलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति प्रमुख डबल पाण्डेले दीनदुखी हरेक नागरिकको सेवामा सदैव लागीपर्ने समाजसेवामा कृयाशील युवा गुभाजुले आफ्नो जन्मदिनको अवसरमा कोरोनाबाट आक्रान्त बनेका नागरिकलाई स्वास्थ्य सामग्री सहयोग गरेकोमा धन्यवाद व्यक्त गरेका थिए।

प्रहरीको माध्यमबाट सर्जिकल मास्क नागरिकलाई वितरण गर्ने अभियान शुरु गर्ने प्रहरी नायव उपरिक्षक पोखरेलले जानकारी दिए। गुभाजुले यसअघि पनि विभिन्न क्षेत्रमा सहयोग गर्दै आइरहेका छन्। उनी जिल्लामा सफल युवा व्यावसायीको रूपमा समेत परिचित छन्। कार्यक्रम बिगुल फाउण्डेसन दोलखाका सचिव राजेश बस्नेतले संचालन गरेका थिए।

# दार्चुलाको व्यास जोड्ने बाटो निर्माणमा भारतीय पक्षबाट अवरोध

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २४ असार



भारतले नेपाली भूमि लिपुलेक जोड्ने सडक विस्फोटक पदार्थले चट्टान फुटाउँदै विस्तार गर्न थालेपछि व्यास गाउँपालिका-१ जोड्ने बाटो निर्माणमा अवरोध पुगेको छ। नेपाली सेनाले जेठ दोस्रो सातादेखि बाटो बनाइरहेको छ। भारतले आफ्नोतिर ठूला चट्टान फुटाएर महाकालीमा खसाल्दा नदीको बहाव नेपालतर्फ फर्केपछि बन्दै गरेको कटानमा परिरहेको छ।

भारतले महाकाली किनारैकिनारबाट धार्चुला-लिपुलेक सडकको ट्र्याक खोलेर गत वैशाख २६ गते उद्घाटन गरेको थियो। नेपाली सेनाले बाटो निर्माण थालेदेखि नै भारतले सडक चौडा पार्न थालेको स्थानीयले बताए। सेनाले घोडेटोको ट्र्याक खोलिरहेको ठीक पारिपट्टि भारतले पनि निर्माणलाई तीव्रता दिएको हो।

भारतले सडक विस्तार गर्न दैनिक ४/५ पटक विस्फोट गराएर चट्टान खसालिरहेको छ। विस्फोट हुँदा स-साना ढुंगा र चोइटा उछिट्टिएर आउने हुनाले ज्यान जोगाउनसमेत मुस्किल भएको घाटीबगरमा काम गर्नेहरू बताउँछन्।

भारतले विस्फोट गराउँदै चट्टान नदीमा खसालिरहे नदीको सतह अझै माथि आउने सम्भावना रहेको कामदारहरूले बताएका छन्। उनीहरूका अनुसार अहिले सेनाले निर्माण गरिरहेको बाटोभन्दा ४/५ मिटर मात्रै मुनि महाकाली बगिरहेको छ भने तलबाट नदी कटान भइरहेको छ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलले सीमावर्ती पिथौरागढ जिल्लाका डीएमले सडक निर्माणका ठेकेदारलाई असर नहुने गरी तलमाथि मिलाएर काम गर्न लगाउने मौखिक आश्वासन दिएको तर त्यहीअनुसार काम नभएको बताए।

### सुनसान ....

पूजाबाट कोषलाई करोडौं आम्दानी हुने गरेको छ।

**प्रभावित बोलबम**

भगवान् शिवलाई जलधारा प्रिय हुने भएकाले साउन महिनामा पवित्र तीर्थको जल ल्याई पशुपतिलगायत शिवालयमा चढाउने गरिन्छ। पशुपतिनाथलाई द्वादश ज्योतिर्लिङ्गको पनि ज्योतिर्लिङ्ग अर्थात् महाज्योतिर्लिङ्गका रूपमा विश्वभरका वैदिक सनातन हिन्दू धर्मावलम्बीले पुज्ने भएकाले यहाँ साउन महिनामा बोलबम यात्रा गरी जल अर्पण गर्न दिनमै लाखौँ भक्तजन आउने गर्थे। यस वर्ष कोभिड-१९ को सङ्क्रमणको डरले बोलबम यात्रासमेत प्रभावित हुने भएको छ। गुरु पूर्णिमाको भोलिपल्टदेखि नै दैनिक लाखौँको सङ्ख्यामा बोलबम यात्री आउने पशुपति यस वर्ष महामारीको डरका कारण सुनसान छ।

बोलबम काँवरिया संघ, भोलेनाथ काँवरिया सङ्घलगायत संस्थाले संस्थागतरूपमा गोकर्णेश्वर नगरपालिका-१ स्थित सुन्दरीमाई मन्दिरमुनिको वाग्मतीबाट स्वच्छ जल ल्याई पशुपतिमा चढाउने कार्यक्रमसमेत निश्चित छैन। जेठदेखि नै बोलबम यात्राको तयारी हुन्थ्यो। उपत्यकाका विभिन्न स्थानमा फ्लेक्समा सूचना जारी गरी भक्तजनलाई बोलबम यात्राका लागि आह्वान गरिन्थ्यो। यस वर्ष उपत्यकामा त्यस्तो देखिएको छैन।

बोलबम यात्रा ठूलो समूहबीच गरिने भएकाले पनि व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। कोषका कोषाध्यक्ष डा मिलनकुमार थापा कम्तीमा दुई मिटरको दूरी कायम गरेर एकपटकमा बढीमा २० जनाभन्दा धेरै दर्शनार्थी मूल मन्दिरमा प्रवेश गराउन नसकिने बताउँछन्।

“मूल मन्दिरभित्र प्रवेश गर्ने दर्शनार्थीलाई पनि एक स्थानबाट गई अर्को ठाउँबाट फर्कने गरी व्यवस्था मिलाइएको छ, डोरी राखी त्यसभन्दा बाहिर भक्तजन जान नपाउने गरी तयारी गरिएको छ, पशुपति छिर्ने प्रत्येक द्वारमा स्यानिटाइजरको व्यवस्था हुनेछ, थर्मलगनले ज्वरो नापिनेछ, तापक्रम बढी भएकालाई भित्र पठाइने छैन, मास्क नलगाएका दर्शनार्थीलाई पनि प्रवेश गराइने छैन”, उनले भने।

चार महिनाको बन्दाबन्दी अवधिमा पशुपति क्षेत्रलाई रु १० करोडभन्दा बढी आर्थिक घाटा लागे पनि भक्तजनको सुरक्षासँग सम्झौता गर्न नसकिने कोषाध्यक्ष थापा बताउँछन्। कोषले मंगलबार आयोजना गरेको कार्यक्रममा सञ्चालक परिषद्को अध्यक्षसमेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले कोरोनाको सङ्क्रमण घट्दै गए जेठ ७ गतेपछि भक्तजनका लागि मूल मन्दिर खोल्न सकिने संकेत गरे। त्यसका लागि ‘एसएमएस’ सूत्र अर्थात् सामाजिक दूरी (सोसल डिस्टेन्स), मास्क र स्यानिटाइजरलाई उपयोग गर्न पनि उहाँले निर्देशन दिनुभएको छ। धार्मिक, आर्थिक गतिविधि चलायमान बनाउन स्वास्थ्य सुरक्षामा खतरा आउन दिनु नहुने सरोकार भएका निकायको सुझाव छ।

### नवीकरणका...

तथा अन्य सहुलियत दिने निर्णय गर्दै वार्षिक रुपमा एक सय जना कामदार नपठाएको कारण वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजतपत्र नवीकरण नहुने व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने निर्णय गरेको थियो। तर संसदमा ऐन संशोधनको प्रकृया अघि बढाएइन।

मन्त्रिपरिषद्को उक्त निर्णय सार्वजनिक भएको तीन महिना लामो समय गुज्रीसकेको र ईजाजतपत्र नवीकरणको नियमित अवधि सकिन लाग्दासमेत समस्या समाधान नभएपछि व्यवसायीहरु आत्तिएको अवस्थामा रहेका छन्।

### कोरिया...

देशमै देउ रोजगार, सक्दैनौ भने लाखौं बेरोजगार युवाहरुको भविश्य नविगार’, ‘कोरियाका लागि अन्तर ाष्ट्रिय उडान सुचारु गर’ जस्ता नारा उल्लेखित प्लेकार्ड बोकेका थिए। सरकारकै अनिर्णयका कारण रोजगारी गुमे अहिलेसम्मको समय, लगानी र मिहेनत खेर जाने र मानसिक रुपमा डिप्रेसनको सिकार हुने कतिपयको भनाइ छ।

विदेशमा कोरोना संक्रमण बढेपनि स्वदेशमा रोजगारीको सम्भावना नदेखेका युवाहरुमा वैदेशिक रोजगारीमा जाने हुटहुटी कम भएको छैन। सरकारले साउन ७ गतेसम्म सबै व्यवसायिक अन्तर्राष्ट्रिय उडान बन्द गरेको छ। नेपाल आउने चार्टर फ्लाइटका जहाजमा कामदारहरुले व्यहोर्न नसक्ने गरी हवाई भाडा अनपेक्षित रुपमा महंगो रहेको छ। व्यवसायिक अन्तर्राष्ट्रिय उडान सुचारु नहुँदा कसरी गन्तव्यमा पुग्ने कुनै टुंगो समेत देखिएको छैन।

वैदशिक रोजगार कार्यालय ताहाचालका प्रमुख उमेश बस्नेतले बुधबारसम्म १ हजार ४ सय २० जना युवा युवतीहरुले वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति लिएको मध्यान्ह राष्टिय दैनिकलाई जानकारी दिए। कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)ले गत असार ७ गते बिदामा नेपाल आएकासहित नयाँ रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृति दिने निर्णय गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई अख्तियारी प्रदान गरेको थियो। मन्त्रालयले सोही अख्तियारी अन्तर्गत असार १८ गतेदेखि बिदामा आएका, भिसा र करारको अवधि भएकालाई वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति दिने निर्णय गरेको थियो।

बिदामा घर आएकासँगै मुलुकमा रोजगारी नपाई रोजगारीमा जान चाहने नयाँ कामदारहरुमा पनि वैदेशिक रोजगारीमा जाने हुटहुटी छ। ‘श्रम’ कहिले खुल्छ ? भनी वैदेशिक रोजगार विभाग र श्रम मन्त्रालय मातहत रहेको कल सेन्टरमा दैनिक ठूलो संख्याले टेलिफोन गरी जानकारी माग गर्ने गरेका छन्।

सीसीएमसीले बिदामा नेपाल आएकासहित नयाँ रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृति दिने निर्णय गर्न श्रम मन्त्रालयलाई अख्तियारी प्रदान गरेपनि मन्त्रिपरिषद्ले निर्णय नगर्दा नयाँ कामदार जाने बाटो नखुलेको मन्त्रालयका प्रवक्ता घिमिरे बताउँछन्।

प्रवक्ता घिमिरेले त्यस सम्वन्धमा मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको तर निर्णय हुन बाँकी रहेको बताए। तर पछिल्ला दिनमा श्रम मन्त्रालयले निर्णयका लागि मन्त्रिपरिषद् पठाएका फाईलहरुमा निर्णय हुन सकेका छैनन्।

मन्त्रालयले कोरोना संक्रमणका कारण वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नपाएका म्यानपवार कम्पनीहरुलाई छुट तथा राहत प्रदान गर्न पठाएको बहुचर्चित प्रस्तावलगायत अन्य केही प्रस्ताव मन्त्रिपरिाषद् मै रोकिएका छन्। विभागको काठमाडौं कार्यालय ताहाचलका प्रमुख बस्नेतले रोजगार आकांक्षीहरुको दवाब आएपनि सरकारको निर्णय कुर्नुको विकल्प नरहेको बताए।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम स्वीकृति बन्द र लकडाउनका कारण अन्तर्राष्ट्रिय उडान प्रतिवन्धले भिसा पाई विभागबाट श्रम स्वीकृति समेत प्राप्त गरेका १ लाख १५ हजार कामदार विदेश जान नपाएको र पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदारको अन्तिम श्रम स्वीकृति पाउन बाँकी रहको बताएको छ।

### साउदीले...

हुरुव लगाएका र अकमा नवीकरण नभएका श्रमिकको लागि फेरि अर्को सूचना जारी गरेर विवरण संकलन गरिने नेपाली दूतावासले जनाएको छ।

# गुल्मीका बालबालिका चटपटे बेच्न व्यस्त

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २४ असार



एउटा ठुलो रुख, रुखमा सानो कार्ड बोर्डमा ठुला अक्षरमा लेखिएको छ, ‘यहाँ चटपटे पाइन्छ।’ यो स्थान हो, गुल्मीको इस्मा गाउँपालिका-४ मौले पोखराको। रुखको फेदनिर तीन जना बालबालिकाले चटपटे बेचिरहेका छन्। न त उमेरले पाका, न सीपले पोख्त तर पनि चटपटेको व्यापार चलिरहेकै छ, उनीहरुको। धेरै बालबालिकाहरु लकडाउनले स्कुल जान पाएका छैनन्। यो समयमा उनीहरु घरमै बसिरहेको छन्। तर इस्मा- ४, मौलेपोखराका यी बालबालिकाहरु भने चटपटे बनाएर बेच्दै छन्। बिहान साढे दश बजे उनीहरु दिनहुँ त्यही रुखमुनि आउँछन्। साँझ साढे पाँच बजेसम्म चटपटे बेच्छन्। बाटोमा हिड्नेहरुले उनीहरुले बनाएको चटपटे स्वाद मानी-मानी खाइरहेका छन्।

तीन जना बालबालिकाले रमाई-रमाई चटपटेको व्यापार गरीरहेका छन्। त्यसमध्येका एक हुन्, किस्मत तिमिल्सना। उनी अहिले दश वर्षका भए। उनी रामराज्य माध्यमिक बिद्यालयमा अहिले कक्षा ४ मा अध्ययनरत छन्। महामारीको रुपमा फैलिएको कोरोना भाइरसले विद्यालय बन्द छ। उनले बिहान-साँझको समयमा घरमा अध्ययन् गर्छन्। दिउँसोको समयमा मिलेर चटपटेको बेच्छन्। उनका बुबा विदेशमा छन्। आमा घरायसी काम गर्छिन्। घरमा खालि बस्नुभन्दा साथीहरुसँग मिलेर चटपटे बेच्दा आफुलाई कसरी व्यापार गरिन्छ भन्ने ज्ञान प्राप्त भएको अनुभव सुनाउँछन् उनी।

उनी मात्र होइन, विशाल तिमिल्सना पनि चटपटे बेच्दै छन्। उनी अहिले १२ वर्षको भए, कक्षा ७ मा बुटवलमा रहेको रोजबर्ड एकेडेमीमा पढ्दैछन्। कोरोना भाइरसलाई मध्यनजर गर्दै गरिएको लकडाउनमा उनी घरमा आएको पनि महिना बितिसकेको छ। लकडाउनले स्कुल बन्द छ। उनी बुटवल फर्कन पाएका छैनन्। घरमा आएका बेला साथीहरुसँग मिलेर चटपटे बेच्न पाउँदा आफुलाई खुसीको अनुभुति भएको बताउँछन् उनी। यसले आफुलाई व्यवहारिक ज्ञान दिएको उनको बुझाई छ।

किस्मत र बिशाल मात्र होइन, उनीहरुसँगै सिमा बिष्ट पनि छिन्। उनी अहिले दश वर्षकी भइन्। सिमा पनि रामराज्य माध्यमिक बिद्यालयमा अहिले कक्षा ५ मा अध्ययनरत छिन्। लकडाउने विद्यालय बन्द छ। दिउँसोको समयमा आफुहरु मिलेर चटपटे बनाएर बेच्ने गरेको सुनाइन्। बिहान-साँझको समयमा अध्ययन् गर्ने र दिउँसो समयमा चटपटे बेच्ने गरेको उनको भनाई छ। स्कुल जाँदा चटपटे बनाएको देखेका उनीहरुले अहिले आफैंले चटपटे बनाएर बचिरहेका हुन्।

उनीहरुले यसरी चटपटेको व्यापारबाट आएको रुपैंया अध्ययन्का लागि आवश्यक कापी, कलम, पुस्तक खरिदमा खर्चिने बताए। उनीहरुको नजिकै सोही स्थानका मानप्रसाद तिमिल्सना भवन बनाउने काम गर्दै छन्। कोरोना महामारीले बिद्यालय बन्द छन्। तर यी बालबालिकाले अध्ययन्सँगै चटपटे बेचेको देख्दा आफुलाई सुखी लागेको तिमिल्सनाको भनाइ छ।

बालबालिकाहरुको सानो उमेर भएपनि मिलेर काम गरेको देख्दा आफुलाई खुसी लागेको उनले बताए। ‘जीवन चलाउन पैसा पनि चाहिन्छ, कसरी अर्थोपाजन गर्न सकिन्छ। अहिले बालबालिकाले सिक्दै छन्,’ उनले भने, ‘यसबाट उनीहरुलाई दिर्गकालका लागि व्यवहारीक ज्ञान समेत प्राप्त भएको छ।’ लामो समयसम्म घरमा बालबालिका रहँदा उनीहरुलाई अभिभावकले व्यवहारीक ज्ञान प्रदान गर्न सके उनीहरुको भविष्य सहज हुने तिमिल्सनाको अनुभव छ।

# नयाँ ऐनका कारण दोहोरो जिम्मेवारी त्याग्दै कर्मचारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

खेलकुद विकास ऐन २०७७ कार्यान्वयनमा आएसँगै राखेपका कर्मचारीहरुले धमाधम राजीनामा दिन थालेका छन्। नयाँ ऐन अनुसार दोहारो जिम्मेवारीमा बस्न नपाइने भएपछि राखेपका कर्मचारीहरुले यसअघि रहेका विभिन्न खेल संघबाट राजीनामा दिन थालेका हुन् । अहिलेसम्म राखेपका २७ जना कर्मचारीले विभिन्न खेलसंघबाट राजीनामा दिएको जनाइएको छ। 'नयाँ ऐनमा दोहोरो पदमा बस्नेलाई कारवाहि हुने प्रष्ट उल्लेख भएपछि परिषद्का कर्मचारी तथा प्रशिक्षकहरुले एकपछि अर्को रुपमा राजिनामा दिन सुरु गरेका छन । जसमा अहिलेसम्म २७ जनाले राजिनामा बुझाइ सकेका छन् ।' एक कर्मचारीले बताए ।

यसअघिको कानूनमा परिषद्का कर्मचारी वा परिषद्को तलव खाने ब्यक्ति अन्य संघ संस्थान आबद्ध हुन नपाउने भन्ने कुनै नियम थिएन। त्यहि आधारमा परिषद्मा माथिल्लो तहमा रहेका कर्मचारी र प्रशिक्षकहरु विभिन्न संघमा विभिन्न पदमा रहेका थिए।

तर नयाँ ऐनले उनीहरुलाई राजिनामा दिन बाध्य बनाएको छ । राजिनामा दिनेमा परिषद्का पदाधिकारी धेरै रहेका छन ।

परिषद्मा रहेर विभिन्न ६ वटा संघमा पदाधिकारीको भूमीका रहेको समेत थिए । खेलकुद परिषद्मा जिल्ला, क्षेत्र गरेर यसअघि दुई सय भन्दा बढि पदाधिकारी विभिन्न संघमा रहेका थिए ।

# मेक्सिकोका राष्ट्रपति अमेरिका भ्रमणमा जाने



वासिङ्टन, एएफपी- मेक्सिकोका राष्ट्रपति आन्द्रेस मानुएल लोपेज ओब्राडोरले आफू निर्वाचित भएको दुई वर्षपछि पहिलो विदेश भ्रमण गर्न लागेका छन् । सन् २०१८ मा निर्वाचित भएका बामपन्थी राष्ट्रपति ओब्राडोरले बुधबार संयुक्तराज्य अमेरिकाको भ्रमण गर्न लागेका हुन् । राष्ट्रपति ओब्राडोरले यसअघि चुनावी प्रतिबद्धता बमोजिम विदेश भ्रमण गर्न अस्वीकार गर्दै आएका थिए ।


उनी वासिङ्टन भ्रमणमा आउँदा व्यवसायिक उडानको "इकोनोमी क्लास" प्रयोग गर्ने जानकारी दिइएको छ ।

कोरोनाभाइरसका कारण हाल संयुक्तराज्य अमेरिका र मेक्सिको दुबै ठूलो संकटमा छन् । खासगरी, दुई देशबीचको सीमाबाट आप्रवासीहरु अवैध रुपमा अमेरिका प्रवेश गर्नेक्रम नरोकिएको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मेक्सिकोको आलोचना गर्दै आएका छन् ।

वर्तमान अमेरिकी प्रशासनले अवैध आप्रवासीलाई रोक्न विवादास्पद पर्खाल निर्माण योजना बनाइरहेको छ, तर यसमा अमेरिकी समाज र राजनीतिक वृत्तमा सहमति जुटिसकेको छैन । राष्ट्रपति ट्रम्पले मेक्सिकोबाट अमेरिका प्रवेश गर्ने आप्रवासीलाई अपराधीको संज्ञा दिने गरेका छन् । तर यसपटक मेक्सिकाली राष्ट्रपतिको अमेरिका भ्रमण मुख्य रुपमा अमेरिका-मेक्सिको-क्यानाडा सम्झौताको शुभारम्भका लागि हुन लागेको हो । यो सम्झौताले तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाको अग्रसरतामा भएको उत्तर अमेरिका स्वतन्त्र व्यापार सम्झौता (नाफ्टा) लाई प्रतिस्थापन गर्नेछ। राष्ट्रपति ट्रम्पले नाफ्टाले अमेरिकी रोजगारी गुमेको भन्दै नयाँ युएसएमसीए गरेका हुन्। भिन्न राजनीतिक विचारधारा भए पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अनुरोधलाई मेक्सिकाली राष्ट्रपतिले सम्मान गरेको जनाइएको छ । मध्य अमेरिकी मुलुकहरुबाट अमेरिका प्रवेश गर्न चाहनेहरुलाई मेक्सिकोले बीचमै रोक्नुका साथै मेक्सिकोमा अलपत्र परेका नागरिकलाई रोजगारी उपलब्ध गराउने योजना अघि सारेका छन् । राष्ट्रपति ट्रम्पले मेक्सिकोका राष्ट्रपतिसँग "शान्त" बैठक हुन लागेको जानकारी दिएका छन् । ट्रम्पले भने, "उहाँ निकै असल व्यक्ति हुनुहुन्छ । उहाँ मेरा मित्र हुनुहुन्छ । मेक्सिकोसँग हाम्रो निकै राम्रो, मित्रवत सम्बन्ध छ ।"मेक्सिकोतर्फ प्रस्थान गर्नुअघि मंगलबार राष्ट्रपति ओब्राडोरले भन्ने, "म अमेरिकासँग निकट सम्बन्ध यथावत राख्न चाहन्छु । यही नै हाम्रा लागि ठीक कुरा हो ।"

करिब ३० हजारको ज्यान लिइसकेको कोरोनाभाइरस महामारीका कारण मेक्सिकोको अर्थतन्त्र यस वर्ष झण्डै ८.८ प्रतिशतले खुम्चने अनुमान गरिएको छ ।

# ओलम्पिक कमिटीले आफ्नै एन्टी डोपिङ नियम बनाउने



**काठमाडौं, मस-** नेपाल ओलम्पिक कमिटीले आफ्नो अन्डरमा रहेका सबै खेल संघलाइ आफ्नो आफ्नो एन्टी डोपिङ नियम बनाउन भनेको छ ।

ओलम्पिक कमिटीको वुधबार जुमबाट भएको बैठकले नयाँ एन्टी डोपिङ नियम बनाउने बताएको हो । कमिटीले आफ्नो नियम बनाउँदै सबैलाई जानकारी दिएको छ ।

कमिटीका मेडिकल कमिसन प्रमुख सरोजकृष्ण श्रेष्ठले सबै अध्यक्ष र महासचिवलाई नयाँ नियमबा बारेमा जानकारी दिएका हुन । यसका साथै सो बैठकमा ओलम्पिकमा आबद्ध २७ संघका प्रमुखको सहभागिता रहेको थियो ।

२०२१ को विश्व एन्टी डोपिङ कोडको आर्टिक १८ अनुसार सबै नेश्नल फेडेरेसनको आफ्नो एन्टी डोपिङ नियम हुनुपर्ने उल्लेख गरिएको छ । जसका कारण सबै संघलाई अगष्ट १५ तारिखसम्म एन्टी डोपिङ नियमको प्रतिवेदन बुझाउनुपर्ने भनिएको छ । त्यसमा हरेक संघको सुझावसहित प्रतिवेदन बुझाउन भनिएको छ ।

विश्व एन्टी डोपिङ कोडका अनुसार त्यहाँको देशको ओलम्पिक कमिटीले नाडोका रुपमा काम गर्नेछ। यो विषयलाई सबैले गम्भिर भएर लिनुपर्ने नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले बताएका छन् ।

# युथ लिग फुटबल हुने




काठमाडौं, मस-अखिल नेपाल फुटबल संघले विभिन्न स्कुलले सहभागितामा युथ लिगको आयोजना गर्ने भएको छ। एन्फाले शहीद स्मारक ए डिभिजन लिग क्लबसँगको सहकार्यमा युथ लिग गर्ने एन्फाले जनाएको छ । युथ लिग आयोजनाका लागि एन्फाले बुधबार विभिन्न स्कूलसँग छलफल गरेको बताएको छ। जसमा होम एण्ड अवेको आधारमा प्रतियोगिता हुने योजना बनाएको छ ।

एन्फा कम्प्लेक्स सातदोबाटोमा भएको बैठकमा काठमाडौं भित्रका १३ स्कुलसँग लिग आयोजनाका लागि बैठक गरेको हो । एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पा, युथ डेभलपमेन्ट कमिटिका प्रमुख उपेन्द्रमान सिंह र इलाइट युथका प्रमुख नविन महर्जनले युथ लिगको योजना र ढाँचाबारे बताइका थिए । एन्फाले चाँडै यू-१४ र यू-१८ को लिग गर्ने भएको छ ।

# जापानमा मृत्यु हुनेको संख्या ५८ पुग्यो



**टोकियो, एपी-** बर्षासँगैको विनाशकारी बाढीका कारण जापानमा मृत्यु भएकाहरुको संख्या कम्तीमा ५८ पुगेको छ । बाढीले जापानको दक्षिणी क्षेत्रका सयौँ बस्ती तथा घरहरु डुबानमा परेको र ठूलो क्षती पुऱ्याएको अधिकारीहरुले बुधबार जानकारी दिएका छन् ।जापानको टेलिभिजन संस्था एनएचकेले प्रसारण गरेको फुटेजमा बाढीबाट प्रभावित क्षेत्रमा बाढीसँगै आएको हिलोले सडकहरु पुरिएका र विद्युत्, सञ्चार, सडकलगायतका सेवामा पनि अबरुद्ध भएको देखाइएको छ ।

प्रभावित क्षेत्रका सयौँ नागरिकहरुलाई सुरक्षित स्थानतर्फ स्थानान्तरण गरिएको छ भने अरु ३६ लाख मानिसलाई पनि अन्यत्र सार्नु पर्ने सुझाव दिएको छ । तीमध्ये आधालाई खाली गर्न थालिसकिएको अधिकारीहरुले जनाएका छन् ।

जापानमा हरेक बर्ष बाढी, पहिरोमा परेर सयौँको मृत्यु हुने गरेको छ। विशेष गरेर वर्षायामको बेलामा यस्ता घटना धेरै हुने गरेका छन् ।

# विश्व व्यापार संगठनको नेतृत्वका लागि छ जना सम्भावित उम्मेदवार

**जेनेभा, एएफपी -** विश्व व्यापार संगठन (डब्लुटिओ) को आगामी नेतृत्वका लागि सम्भावित छ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् । उम्मेदवारीका लागि बुधबार अन्तिम दिन रहेको छ । डब्लुटिओका महानिर्देशक रोबर्टो अजिभिडोले राजीनामा दिएपछि नयाँ नियुक्तिको दौड शुरु भएको हो । ब्राजिलका कुटनीतिक व्यक्तित्व अजिभिडोले एक वर्ष कार्यकाल बाँकी रहँदै डब्लुटिओबाट राजीनामा दिएका थिए । नयाँ नेतृत्वका लागि इजिप्ट, केन्या, मेक्सिको, मोल्डोभा, नाइजेरिया र दक्षिण कोरियाबाट उम्मेदवारी परेको छ ।

पछिल्लो समय संयुक्तराज्य अमेरिकाले डब्लुटिओको कार्यशैलीमाथि प्रश्न उठाउँदै डब्लुटिओबाट नै अलग्ग हुने धम्की दिँदै आएको छ । अमेरिकाले गत डिसेम्बरदेखि नै डब्लुटिओको विवाद समाधान प्रणालीमा न्यायाधीश नियुक्तीमा अवरोध गरिरहेको छ । अमेरिकाले चीनलाई विकासशील मुलुकको समूहबाट माथि लैजान माग गरिरहेको छ ।

डब्लुटिओको प्रमुखका लागि सामान्यतया मतदान हुने गर्दैन । उम्मेदवारहरुबीच सहमतिका आधारमा एक पछि अर्को उम्मेदवारले आफ्नो उम्मेदवारी परित्याग गर्ने व्यवस्था छ । कुनै सहमति नभएमा मात्र मतदानको प्रावधान छ ।सन् १९९९ मा दुई सम्भावित उम्मेदवारबीच सहमति हुन नसक्दा दुबै उम्मेदवारलाई कार्यकाल आधाआधा बाँडिएको थियोडब्लुटिओको प्रमुखको कार्यकाल ६ वर्षको हुने गर्दछ ।

डब्लुटिओका आगामी उम्मेदवारका अगाडि निकै ठूला चुनौतीहरु छन्, खासगरी चीन र संयुक्तराज्य अमेरिकाबीचको बढ्दो व्यापारिक तनावले समस्या सिर्जना गर्नेछ । साथै, विश्वव्यापी कोरोनाभाइरसको महामारीले शिथिल बनाएको विश्व व्यापारमा नयाँ किसिमका चुनौती समेत देखा पर्ने अनुमान गरिएको छ ।

विश्व व्यापार संगठनका अनुसार यसपटक उम्मेदवार दिनेहरुमा दक्षिण कोरियाका व्यापार मन्त्री यू म्यूङ-ही, केन्याका पूर्व विदेश मन्त्री अमनिा मोहमद, मेक्सिकोका पूर्व डब्लुटिओ उपमहानिर्देशक जेसस सिड कुरी, नाइजेरियाका पूर्व विदेश तथा अर्थमन्त्री नोजी ओकोन्जो-इवेला, इजिप्टका पूर्व कुटनीतिज्ञ हमिद ममदोउ र मोल्डोभाका पूर्व विदेश मन्त्री टुडोर उलियानोभ्ची रहेका छन् ।


**HIMALAYA AIRLINES** हिमालय एअरलाइन्स्

## CAREER OPPORTUNITY

Himalaya Airlines' network presently consists of Doha, Dammam, Abu Dhabi, Dhaka, Kuala Lumpur, Beijing and Chongqing sectors. Interested candidates are requested to send in applications for the following posts:

First date of publication : July 09, 2020

### DEPARTMENT : MAINTENANCE & ENGINEERING

**MCC Manager (As per CAAN MOU)** Vacancy Code : H9/M & E/0052020 **Required Number : 01**

**Duties and Responsibilities:**
• Maintaining acceptable airworthiness, safety and performance standards in H 9 aircraft fleet A320/A319 • Ensure that aircraft maintenance is in compliance with the requirements of NCAR-145 • Train technicians in A320 aircraft maintenance, safety, human factor etc. • Accomplishment of production, maintenance & inspection tasks as delegated by optimum use of manpower and resources in the most efficient & cost-effective manner • Assist M & E Department in Maintenance, Trouble-Shooting & Defect Analysis

**Qualification & Experience:**
• Holder of Aeronautical or appropriate Engineering Degree and minimum 5 years of work experience in Engineering Department (Preferably with A320 Family ) • Licensed AME with CAAN AMT License or equivalent in Ratings : A320/A321/A319 CFM56 , A320/A321/A319 (V2500) • Priority will be given for additional license on B737-600/700/800 (CFM56), B777-200/300 (GE90), B777-200/300 (PW4000), A330-200/300 (Trent700), A330-200/300 (PW4000) • Capable of planning under guidance of Maintenance Manager, for man-power/ man-hour/ tools/ equipment/ spares/materials management • Should be able to handle all major and minor maintenance activities in advance coordinating with CAMO, Engineering Stores, Material Procurement, Operations and Marketing • Knowledge of NCAR Part 145, NCAR Part 66, NCAR Part M, NCAR Part 147, MOE, FTS, EWIS, CDCCL, SMS, Human factor principles & Type training.

### DEPARTMENT : PLANNING & FINANCE

**Contract Supervisor** Vacancy Code : H9/P&F /0022020 **Required Number : 01**

**Duties and Responsibilities:**
• Conducting trainings to local employees • Familiarization of sub contract based on original contract • Contract pricing • Financial documents review, assessment and generation of report in Chinese • Reviewing and assessing vendor contracts • Coordinating for finance department with other offices/vendors in China • Conducting trainings on cost analysis and negotiation technique • Conducting trainings on governing laws to be included in the contract

**Qualification & Experience:**
• Must be a graduate in relevant field from a reputed university • Should be able to generate reports in Chinese as well as English • Should have at least 3 years or more work experience in Airlines

Please send in your updated resume, a copy of pp size photo, scanned copy (ies) of your qualifications & experience to vacancy@himalaya-airlines.com. It is mandatory to mention the vacancy code and position you are applying for, in the subject line. Only shortlisted candidates will be contacted. Phone calls will not be entertained. Deadline: 15 days from the first date of publication.



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/१२/११ मा दर्ता भएको **प्रा.लि. नं. ९७६२१** को **नोभल्टी टेक्नोलोजी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०३/२५

यस कम्पनीको मिति २०७१/१०/०४ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय एक्सपीडिसन्स ईकं प्रा.लि. (प्रा.लि.नं. १९२८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७२/०४/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालय एक्सपीडिसन्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**रुकुम, पश्चिम, नेपाल**

**बोलपत्रको आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७७०३१२५ गते)

यस कार्यलयबाट मिति २०७६ चैत्र ७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम e-GP(1S2E) System मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही तपशितमा उल्लेखित बोलपत्रको आर्थिक प्रस्ताव स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | योजनाको नाम/ठेक्का नं. | न्यूनतम बोलअंक कबोल गर्ने बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) रु. |
|---|---|---|---|
| १ | प्रदेश राजधानी सुर्खेत सल्लीबजार चौरजहारी नुवाकोट मुसीकोट सडक निर्माण योजना (IDO/RKM/NCB/W/13/076/077) | श्री बन्दन भगवती-क्याराभान जे.भी. काठमाण्डौ । | ५,२६,५६,३९०।०० |

**नि.कार्यालय प्रमुख**



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी**
**सडक डिभिजन, दमक**
**झापा**
**प्रकाशित मिति : २०७७/०३/२५**

यस डिभिजनबाट मिति २०७७/०३/२४ मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Notice to Open Financial Bids को Contract Identification No. RD-DMK/33701143-4/2076/77-40 मा तपशिल बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ |

**तपशिलः**

List of Successful Bidders:

| Bid Notice No. | Contract Identification No. | Name & Address of Bidders. |
|---|---|---|
| 11-076/77 | RD-DMK/33701143-4/2076/77-40 | 1. Himdung &Thokar-Saroj JV, Birtamode, Jhapa. |
| | | 2. Rautaha-Shanti JV, Mechinagar, Jhapa. |
| | | 3. Diwa-Niagra-Jhapali JV, Birtamode, Jhapa. |

**डिभिजन प्रमुख**

# बैंक कर्जाको साँवा र ब्याज तिर्ने समयावधि बढाउन एफएनसीसीआईको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार

नेपाल उद्योग वाणिज्य महासंघले बैंकहरुलाई बुझाउनुपर्ने साँवा र ब्याज भुक्तानीको समयावधि बढाउन माग गरेको छ। बैंक तथा वित्तिय संस्थाहरूबाट कर्जा लिई उद्योग व्यवसाय संचालन गरीरहेका साना ठूला सबै तहका उद्योगी व्यवसायीहरू गम्भीर संकटमा परेको भन्दै महासंघले उक्त माग गरेको हो।




महासंघले बुधबार एक विज्ञप्ती जारी गर्दै उद्यमी व्यवसायीलाई असार मसान्तभित्र कर्जा तथा व्याज चुक्ता गर्न बैंक तथा वित्तिय संस्थाहरूको बारम्बारको ताकेताबाट अर्थतन्त्रलाई बलियो बनाउन अहोरात्र खट्ने उद्योग व्यवसाय क्षेत्र थप प्रताडित भएको जानकारी दिएको छ। यसैका कारण कैयन उद्यमी व्यवसायीहरु पेशा व्यवसायबाटै पलायन हुने डरलाग्दो परिस्थिति निर्माण भैरहेको विज्ञप्तीमा उल्लेख छ। इतिहासमै अत्यन्त कम मात्र देखापर्ने यस प्रकारको कठिनतम घडीमा अर्थतन्त्रका महत्वपूर्ण आधार उद्योग व्यवसाय बचाउनु राज्यको प्रमुख दायित्व भएकाले २०७६ चैत्रदेखि सबै उद्योग व्यवसायले वित्तिय संस्थाहरूलाई भुक्तानी गर्नुपर्ने साँवा, ब्याजको समयावधि, स्थिति अनुकुल भई अर्थतन्त्र पूर्णरूपमा चलायमान नहुन्जेलसम्म बढाउन आग्रह गरेको हो।

यस्तै महासंघले ब्याजलाई पूँजीकरण गरी कर्जाको पुनरसंरचना र पुनर्तालिकिकरण गर्न नेपाल उद्योग वाणिज्य महासंघ नेपाल राष्ट्र बैंक समक्ष आग्रह गरेको छ। साथै आगामी आर्थिक वर्षको मौद्रिक नीति यही असार मसान्तसम्म ल्याउन पनि महासंघले राष्ट्र बैंकसँग आग्रह गरेको छ। उद्योग व्यवसाय बचाउनेतर्फ नेपाल सरकार र राष्ट्र बैंकबाट उचित पहल नहुने हो भने कुनै पनि समय अर्थतन्त्र गम्भीर संकटमा फस्ने र मुलुक थप भयावहको स्थितितर्फ जान सक्ने हुंदा यस्तो माग गरेको महासंघको भनाई छ। यस्तै महासंघले आफ्ना मागहरु चाँडै पुरा गर्न समेत आग्रह गरेको छ। कोरोनाको महाव्याधीका कारण विश्वसहित नेपालपनि झण्डै ८० दिनभन्दा बढी पूर्ण लकडाउनको अवस्थामा रहयो। उक्त समयमा मुलकभित्र अत्यावश्यक वाहेक सम्पूण उद्योग व्यवसाय ठप्प रहन पुगे।


असार १ गते पश्चात लकडाउनको स्वरूपमा केही परिवर्तन गरी आम मानिसको दैनिक जीवनयापनदेखि अर्थतन्त्रलाई चलायमान बनाउने सरकारको निर्णय वमोजिम केही सहजताको महशुस गरिएपनि सार्वजनिक यातायातको संचालन नभएको लगायतका कारणबाट उद्योग व्यवसाय पूर्ण रूपमा संचालनमा आउन सकेका छैनन। यस्तै चलेका पनि क्षमताको ३०/४० प्रतिशतमात्रमा संचालनमा रहेका छन्। उत्पादित मालवस्तु निर्वाध बजारसम्म पुर्याई विक्रीवितरण गरी नगद प्रवाह हुन नसकेको यथार्थ अवस्था छ। समग्रमा अर्थतन्त्र चलायमान बन्न नसक्दा यससंग प्रत्यक्ष जोडिएका साना ठूला सबै तहका उद्योगी व्यवसायी, काम गरेर खाने श्रमिक कामदारहरू लगायत आम जनताको दैनिक जीवनयापन समेत अत्यन्त कठिन बन्दै गएको छ।

# ताँसुगाडको विद्युत् उत्पादन क्षमता बढ्यो



**काठमाडौं/मस**-तोकिएका मिति भन्दा झण्डै तीन वर्ष पछि ताँसुगाड जलविद्युत् आयोजनाको विस्तृत योजना प्रतिवेदनको मस्यौदा कन्सल्टेन्टले बुझाएको छ। डिजाएड कन्सलटेन्सी काठमाडौं र एडिएमसी काठमाडौंले संयुक्त रुपमा नलगाड जलविद्युत् आयोजनासँग विस्तृत आयोजना प्रतिवेदन बनाउने भनेर सन् २०१५ अप्रिलमा सम्झौता गरेका थिए। नलगाड जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक विद्युत् उत्पादन गर्ने उद्देश्यले निर्माण गर्ने भनिएको ताँसुगाड जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो। शुरुमा ४.५ मेगावाट मात्र उत्पादन हुने सम्भाव्यता गरिए पनि अहिले दिइएको मस्यौदामा झण्डै ७ मेगावाट विद्युत् उत्पादन गर्न सकिने प्रतिवेदन आएको नलगाड जलविद्युत् आयोजनाले जानकारी दिएको छ। डिपिआर निर्माणको जिम्मा लिएको डिजाएड कन्सल्टेण्ट नयाँ बानेश्वर, एडिएमसी लामो समयसम्मा सम्पर्कमा नआएपछि काम बीचमै रोकिएको थियो। पटकपटकको भाका नाघेर कालोसूचीमा राख्ने तयारी गरेर अन्तिममा कन्सलटेण्टले विस्तृत योजना प्रतिवेदन दिनका लागि काम गर्न नलगाड जलविद्युत् आयोजनासँग अनुरोध गरेपछि पूर्ण कामको जिम्मा दिइएको थियो। नलगाड सरोकार समिति तथा स्थानीयवासीले पटकपटक दबाब दिएपछि मात्र डिपिआरको रिपोर्टका काम कन्सलटेण्टले काम गरेको थियो। डिपिआरका लागि रु ८० लाखमा ठेक्का सम्झौता भएको थियो। पच्चीस रोपनी जग्गा अधिग्रहण गर्न लागिएको छ। यो काम सकिने वित्तिकै अर्को वर्ष निर्माणका लागि ठेक्का प्रक्रियामा जान लागिएको नलगाड जलविद्युत् आयोजनाका प्रमुख कार्यकारी अधिकृत रामगोपाल लगेजुले जानकारी दिए। स्वदेशी लगानीबाट निर्माण हुने यो आयोजना जाजरकोटको पहिलो आयोजना हुने छ। त्यस्तै ३३ केभी प्रशारण लाइनको सव-स्टेशनसमेत आयोजनास्थल चौखामा निर्माण गर्न लागिएको छ।

# ग्लोबल आइएमई बैंकद्वारा प्रदेश २ सरकारलाई आर्थिक सहयोग




**काठमाडौं/मस**-ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि प्रदेश नं. २ सरकारलाई १० लाख रुपैंया सहयोग गरेको छ। बुधबार बैंकको प्रदेश नं. २ प्रादेशिक कार्यालय प्रमुख निरज श्रेष्ठले प्रदेश नं. २ का माननीय मुख्यमन्त्री मोहम्मद लालबाबु राउतलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन। मुख्यमन्त्री राउतले कोरोना भाईरस (कोभिड -१९) विरुद्धको अभियानमा बैंकले गरेको यस सहयोग महत्वपूर्ण भएको उल्लेख गर्दै बैंकलाई धन्यवाद दिएका छन्। बैंकले, कोरोना भाईरसले नेपाल लगायत सम्पूर्ण विश्वलाई नै त्रसित बनाइरहेको अवस्थामा, उक्त योगदानबाट यो भाईरस विरुद्व लड्न थप प्रेरणा र सहयोग हुने विश्वास लिएको छ। बैंकले स्थापनाकाल देखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोग लाई निरन्तरता दिँदै जानेछ।

# लुम्बिनी जनरल इन्स्योरेन्सले ८.१२ प्रतिशत बोनस शेयर दिने




काठमाडौं/मस-लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको १५ औं वार्षिक साधारण सभा बुधबार सम्पन्न भएको छ। कोभिड-१९ कारण उत्पन्न जोखिमलाई ध्यानमा राखि आवश्यक सुरक्षाका मापदण्डहरु अपनाई, भर्चुवल प्रविधीलाई समेत उपयोग गरी सभा सम्पन्न गरिएको हो। सभाले कम्पनीका अध्यक्ष मनोहर दास मूलद्वारा प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका प्रस्तावहरु पारित गरेको छ। सभाले आ.ब. २०७५/०७६ को मुनाफाबाट बिगतमा कम्पनीले जारी गरेको २०% हकप्रद शेयरले समेत प्राप्त गर्ने गरी चुक्ता पूंजी रु. १ अर्ब ५ करोड ६० लाखको ८.१२५% ले हुन आउने खुद रु. ८ करोड ५८ लाख बराबरको बोनस शेयर वितरण गर्ने र सो बाहेक कर प्रयोजनको लागि रु. ४२ लाख ९० हजार बराबर नगद लाभांश प्रदान गर्ने प्रस्ताव समेत पारित गरेको छ। साथै सभामार्फत सर्वसाधारण शेयरधनीहरुको समूहबाट गणेश राज रेग्मी र कमल भट्टराई आगामी चार बर्षको लागि निर्बिरोध निर्वाचित भएका छन्। आ.ब. २०७५/०७६ मा अघिल्लो वर्षको तुलनामा बीमाशुल्क ८% ले बृद्धि भई रु. १ अर्ब ३६ करोड बीमाशुल्क आर्जन भएको जानकारी सभामा गराइयो।

# न्युन गुणस्तरको पाईएपछि दुई औषधिमा रोक



**काठमाडौं/मस**-न्यून गुणस्तरको रहेको जनाउँदै दुई प्रकारका औषधिको बिक्रीवितरणमा रोक लगाइएको छ। औषधि व्यवस्था विभागले बजार अनुगमनका क्रममा लोमस फर्मास्युटिकल्स प्रालिका न्यून गुणस्तरका दुई औषधिको बिक्रीवितरणमा रोक लगाएको हो। मेट्रो ४०० एमजी (मेट्रोनिन्डाजोल ट्याबलेट) र सेटोफेन (प्यारासिटामोल ट्याबलेट ५०० एमजी) बिक्रीवितरणमा रोक लगाइएको विभागका महानिर्देशक नारायणप्रसाद ढकालले जानकारी दिए। औषधि ऐन २०३५ को दफा १४ बमोजिम बिक्रीवितरण रोक्का गरी बजारबाट तुरुन्त फिर्ता गर्न र सोको विवरण विभागमा पेश गर्न सम्बन्धित उद्योग तथा आधिकारिक बिक्रीवितरकलाई मङ्गलबार निर्देशन दिइएको बताइएको छ। विभागले उक्त औषधि सिफारिस, बिक्रीवितरण तथा प्रयोगसमेत नगर्न आग्रह गरेको छ।

# सिद्धार्थ बैंक र आईएमएस सफ्टवेयरबीच बिलिङ तथा भुक्तानी सम्झौता




**काठमाडौं/मस**-सिद्धार्थ बैंक र आईएमएस सफ्टवेयर प्रालिबीच सम्झौता भएको छ। बुधबार एक कार्यक्रमका बीच बिलिङ तथा भुक्तानी सम्बन्धी सम्झौता भएको हो। उक्त सम्झौतापत्रमा सिद्धार्थ बैंकका तर्फबाट सहायक महाप्रबन्धक श्री अर्जुन भद्र खनाल र आईएमएस सफ्टवेयर प्रालिका तर्फबाट प्रबन्ध निर्देशक श्री सन्तोष ताम्राकारले हस्ताक्षर गरेका हुन। उक्त सम्झौता पश्चात् बैंक र आईएमएस सफ्टवेयर प्रालि विशेष साझेदारीमा प्रवेश गरेका छन् जसको मुख्य उद्देश्य आईएमएस सफ्टवेयर प्रालिद्वारा विकसित बिलिङ र भुक्तानी प्रणालीको माध्यमबाट बैंकिङ्ग सेवाहरु विशेष छुटमा उपलब्ध गराउनु रहेको छ। डिजिटल प्रणालीलाई थप प्राथमिक्ता दिँदै बैंकले आफ्ना ग्राहकका लागि पोइन्ट अफ सेल टर्मिनल र क्युआर कोडको सुविधाको देशभर नै विस्तार गरिरहेको छ। यसै गरी, आईएमएसले विभिन्न उत्पादन र सेवाहरू मार्फत आफ्नो ग्राहकलाई उपयुक्त सफ्टवेयर प्रदान गरिरहेको छ। तसर्थ यस सम्झौताले बिलिङ तथा भुक्तानी प्रणाली सरल हुने हुँदा ग्राहक महानुभावहरुलाई विशेष सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

# व्यवसायीले गरे आन्दोलन गर्ने घोषणा

**काठमाडौं/मस**-नेपाल राष्ट्रिय व्यवसायी महासंघले लकडाउन अवधिको बैंक ब्याज र घरभाडा मिनाहाको माग गर्दै आन्दोलनको घोषणा गरेको छ। महासंघले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर आन्दोलनको घोषणा गरेको हो। पहिलो चरणको आन्दोलन अन्तर्गत महासंघले आगामी शुक्रबार माइतीघर मण्डलामा तालाचावीसहित प्रदर्शन गर्ने महासंघका अध्यक्ष नरेश कटुवालले जानकारी दिए। 'कोरोना भाइरसका कारण यतिबेला समग्र उद्योगी(व्यवसायीहरु निकै कठिन अवस्थाको सामना गरिरहेका छौं, यस्तो कठीन अवस्थाका बारेमा सरकार पनि जानकार छ' पत्रकार सम्मेलनमा अध्यक्ष कटुवालले भने, 'हामीले हाम्रा समस्याहरुबारे जानकारी गराउँदा गराउँदै पनि राज्यले बैंकको ब्याजदर, किस्ता तिर्ने भाका तथा घरभाडाका विषयमा उचित निर्णय लिनसकेको छैन, हामीले उठाएका मागहरुका विषयमा सरकार अझै गम्भीर नबनेकाले हामी आन्दोलनमा जान बाध्य भएका छौं।' महासंघले लकडाउन अवधिभरको ब्याज मिनाहा गर्न माग राखेको छ। ऋणको किस्ता तथा ब्याज भुक्तानीको भाका एक वर्षपछि सार्नु पर्ने, कर्जाको ब्याजदर ८ प्रतिशतमा झार्नुपर्ने तथा लकडाउन अवधिभरको भरघाडा मिनाहा गर्नु पर्ने बताएको छ। अध्यक्ष कटुवालले काठमाडौं महानगरपालिका, भक्तपुर नगरपालिका लगायतका मेयरलाई भेटेर घरभाडा छुटका लागि सहजीकरण गरिदिन आग्रह गरिएको तथा बुधबारमात्रै महासंघको टोलीले नेपाल राष्ट्र बैंकमा पनि ब्याजदर घटाउन आग्रह गर्दै ज्ञापनपत्र बुझाएको जानकारी दिए। उनले सरकारले बेवास्ता गरे शुक्रबार विहान माइतिघरमण्डलामा शान्तिपूर्ण प्रदर्शन गर्ने जानकारी दिए। त्यसलाई पनि बेवास्ता गरे चरणबद्ध आन्लोलनका कार्यक्रमहरु घोषणा गरिने उनले बताए।

# कामना सेवा र रेमिट टु नेपालबीच सम्झौता

**काठमाडौं/मस**-कामना सेवा विकास बैंक र स्वदेश तथा विभिन्न देशहरुममा रेमिट्यान्स कारोबार गर्दै आइरहेको रेमिट टु नेपाल बिच एक अर्काको प्रतिनिधिको रुपमा रही विप्रेषण सम्बन्धी कारोबार गर्ने गरी सम्झौता भएको छ। उक्त सम्झौताबाट ग्राहकहरुले अझै सहज रुपमा विप्रेषण सुविधा लिन सक्ने बैंकको अपेक्षा रहेको छ। बैंकका तर्फबाट डिपोजिट तथा ट्रान्जेक्सन बैकिङ प्रमुख सुवास भट्टराई तथा रेमिट टु नेपालका तर्फबाट माहाप्रबन्धक सन्तोष भेटुवालले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन। काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा १२४ वटा शाखा तथा ६६ वटा एटीएममार्फत ग्राहकहरुलाई आफ्नो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ।

# बन्दाबन्दीमै छापियो साढे तीन लाख सवारीचालक अनुमतिपत्र




**काठमाडौं, रासस-** यातायात व्यवस्था विभागले बन्दाबन्दीमा झण्डै साढे तीन लाख चालक अनुमतिपत्र छापेको छ। चालु आवको अहिलेसम्म साढे छ लाख अनुमतिपत्र छापिएको छ। झण्डै दुई लाख अनुमतिपत्र छपाइ गर्न बाँकी छ। गत पुस मसान्तसम्म नयाँ अनुमतिपत्रका लागि लिइएको परीक्षा उर्तीण र नवीकरणका लागि आएका अनुमतिपत्र छापिएको छ। असार मसान्तभित्रमा थप अनुमतिपत्र छापिन सकिने विभागका महानिर्देशक गोगनबहादुर हमालले बताए। विभागले बन्दाबन्दीको केही सातासम्म अनुमतिपत्र छपाइको काम ठप्प राखेपनि त्यसपछि आवश्यक स्वास्थ्य सावधानी अपनाएर छापिरहेको छ। बन्दाबन्दीमा वितरण हुन नसकेकामा अहिले यातायात व्यवस्था कार्यालयले अनुमतिपत्र वितरण गरिरहेको छ। संविधानुसार यातायातको जिम्मेवारी प्रदेश सरकारको भएकाले दुई वर्ष पहिले नै यातायात कार्यालय नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो।

सरकारले पाँच वर्ष पहिले हस्तलिखित अनुमतिपत्र हटाएर स्मार्ट चालक अनुमतिपत्र शुरु गरेको थियो। देशभरका सबै कार्यालयको अनुमतिपत्र विभागले छाप्दै आएको छ। विभागमा अनुमतिपत्र छपाइको चाप भएकाले गतवर्ष सरकारले ठूलो क्षमताको अनुमतिपत्र (मास प्रिन्टर) किनेको थियो। अहिले पूरानो उपकरण प्रयोग नभएर मास प्रिन्टरबाटै छपाइ भइरहेको छ।

दुई मात्र सन्तान,
सुरक्षित भविष्यको
आधार।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

लेखा शाखा
मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**